माण्डवी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जस्पुर,प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

आ.ब.२०८१/८२ मा ढुंगा , गिट्टी, बालुवा र ग्राभेल प्राकृतिक श्रोतको

बिक्रि गर्ने कार्य सम्बन्धि

# बोलपत्र फारम

ठेक्का नः **06-MRM/NCB-81/82**

रसिद/भौचर नः

मिति :

"समाजबादको आधार, निशुल्क शिक्षा, स्वास्थ्य र रोजगार माण्डवी बासीको मौलिक अधिकार।"

# निवेदन-पत्र

मितिः २०८१/..../..........

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू ,

माण्डवी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

जस्पुर ,प्युठान ।

विषयः- बोलपत्र पेश गरेको बारे ।

महोदय,

उपर्युक्त सम्बन्धमा त्यहाँ कार्यालयको मिति २०८१/०६/११ गते प्रकाशित सूचना अनुसार आ.ब. २०८१/८२ को ढुंगा, गिट्टि, बालुवा, ग्राभेल उत्खनन गरी बिक्री गर्ने कार्यको ठेक्का प्रतिस्पर्धाका लागि संलग्न शर्त बन्देज तथा जानकारी अध्ययन गरी निम्न विवरण खोली हार्ड कपी(Hard Copy) मार्फत बोलपत्र पेश गरेको छु । मरो बोलपत्र स्वीकृत भएमा त्यस गाउँ कार्यपालिकाको कार्यालयद्वारा निर्देशित शर्त तथा नियमहरु पालना गरी उक्त कार्य गर्न इच्छुक रहेको व्यहोरा अनुरोध गर्दछ।

१. मैले यस फर्मले ठेक्का लिन चाहेको ठेक्काको विषय क्षेत्र र कबोल अंक यस प्रकार रहेको छ।

| ठेक्का नं. | ठेक्काको विषय क्षेत्र | कुल वार्षिक कबोल अंक रु.मा (मु.अ.कर र अग्रिम आयकर बाहेक ) | | बोलपत्र जमानत रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | | |
| 06-MRM/NCB-081/82 | | | | | |

२.तपशिलमा उल्लेखित कागजपत्रहरु संलग्न छन ।

क.................................................. ।

ख.................................................. ।

ग.................................................. ।

निवेदकः

नामथरः

हस्ताक्षरः

फर्म वा कम्पनीको नाम :

ठेगान

"समाजबादको आधार, निशुल्क शिक्षा, स्वास्थ्य र रोजगार

माण्डवी बासीको मौलिक अधिकार "

# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

जस्पुर, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

Phone: 9857836006
E-mail: mandavimun2073@gmail.co
Website: mandavimun.gov.np

पत्र संख्या:२०८१/८२

**( प्रथम पटक प्रकाशित मिति : २०८१/०६/११ गते )**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १ (च) ले दिएको अधिकार प्रयोग गरी यस माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको निर्णयानुसार प्राकृतिक सोत कर असुली सम्बन्धी कार्य आ.व. २०८१/८२ को लागि ठेक्काद्धारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानुनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म कम्पनीहरुले बोलपत्र फारम दस्तुर जम्मा गरी देहायको मिति र समय भित्र हार्ड कपी (Hard Copy) मार्फत बोलपत्र पेश गर्नहुन सूचीत गरिन्छ । अन्य थप जानकारीका लागि यस कार्यालयको सूचनापाटी, तथा कार्यालयको वेभ साईट www.mandavimun.gov.np तथा कार्यालय समय भित्र यस गाउँ कार्यपालिकाको कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ।

## ढुंगा, गिट्टी, बालुवा प्राकृतिक श्रोतको उपयोगमा लिईने करको ठेक्का विवरण

| ठेक्का नं.ठेक्का नं. | नदी/खोलको विवरण | बार्षिक उत्खनन् गर्न सकिने परिमाण घन मिटर) | न्यूनतम ठेक्का अंक रु.मा (भ्याट र अग्रिम आयकर बाहेक ) | बोलपत्र जमानत रकम (धरौटी रकम) रु. | बोलपत्र दस्तुर रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| 06-MRM/NCB-81/82 | झिमरुक, माडी नदि र अरंग खोला | १६,६४९.८ | ३५,२७,९२६.२२/- | १,०५,०००/- | ३,०००/- | |

**नोट. ढुंगा, गिट्टी, बालुवा को दररेट प्रति क्यु .फुट (लुम्बिनी प्रदेश आर्थिक ऐन २०८१) बमोजिम ने.रु. ६ (भ्याट र अग्रिम आयकर बाहेक )**

*बोलपत्र फारमको लागि बोलपत्र दाखिला हुने समय भित्र बोलपत्रदाताहरुले बोलपत्र फारम दस्तुर रकम यस कार्यालयको हिमालयन बैंक लिमिटेड माण्डवी गाउँपालिकाको जस्पुर शाखामा रहेको आरन्तरीक राजस्व खाता नं २६६४९३२०४६०११७ मा जम्मा गरेको बैंक भौचर र आवश्यक सबै कागजातहरु यस कार्यालयमा पेश गर्नुपर्नेछ।

*बोलपत्र फारमहरु नियमानुसार यस गाउँपालिकाको बोलपत्र फारम भरी बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाण पत्रको अतिरिक्त व्यक्ति, संस्था फर्म वा कम्पनीले व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्वर (मु.अ.कर सहितको प्रमाण-पत्र तथा आर्थिक वर्ष ०८०/८१ को कर चुक्ता तथा म्याद थपको प्रमाण ,बोलपत्रको लागि योग्य रहेको र बोलपत्रदाताको लेटरहेडमा कुनै कार्यमा कसुर नभएको र सजाए नपाएको भनि स्वो घोषण पत्र, सम्बन्धित कार्यको लागि अखितयारी पत्र मिति २०८१/०७/१२ गते सम्म बोलपत्र खरिद गरि सोही दिनको १२:०० बजे भित्र पेश गर्नुपर्नेछ र पेश भएका बोलपत्रहरु सोही दिनको १:०० बजे यस कार्यालयमा

बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ बोलपत्रदाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

*बोलपत्र फाराम भरी पेश गर्दा आफुले कबोल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेखि बोलपत्र जमानत रकम रु १,०५,०००/- यस कार्यालयको हिमालयन बैंक लिमिटेड माण्डवी गाउँपालिकाको जस्पुर शाखामा रहेको धरौटि खाता नं २६६४९३२०४६००८७ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ । कवोल गरेको रकमको अङ्क र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

*अन्य जाकारीको लागि माण्डवी गाउँपालिकाको वेभ साईट www.mandavimun.gov.np मा हेर्न सकिने छ ।

## बोलपत्र सम्बन्धी शर्तहरु

१.बोलपत्र फारमको लागि बोलपत्र दाखिला हुने समय भित्र बोलपत्रदाताहरुले बोलपत्र फारम दस्तुर रकम यस कार्यालयको **हिमालयन बैंक माण्डवी** गाउँपालिकाको जस्पुर शाखामा रहेको आरन्तरीक राजस्व खाता नं २६६४९३२०४६०११७ मा जम्मा गरेको बैंक भौचर र आवश्यक सबै कागजातहरु यस कार्यालयमा पेश गर्नुपर्नेछ।

३.बोलपत्र फारमहरु नियमानुसार यस गाउँपालिकाको बोलपत्र फारम भरी बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाण पत्रको अतिरिक्त व्यक्ति, संस्था फर्म वा कम्पनीले व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्वर (मु.अ.कर सहितको प्रमाण-पत्र तथा आर्थिक वर्ष २०८०/८१ को कर चुक्ता वा म्याद थप प्रमाण , बोलपत्रको लागि योग्य रहेको र बोलपत्रदाताको लेटरहेडमा कुनै कार्यमा कसुर नभएको र सजाए नपाएको भनि स्वो घोषण पत्र, सम्बन्धित कार्यको लागि अख्तियारी पत्र मिति २०८१/०७/१२ दिनको १२:०० बजे भित्र पेश गर्नुपर्नेछ र पेश भएका बोलपत्रहरु सोही दिनको १:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ बोलपत्रदाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्रदाताले हार्ड कपी (Hard Copy) मार्फत पेश गरेको बोलपत्र मिति २०८१/०७/१२ दिनको १२:०० बजे पछी पेश गरेमा मुल्याङ्कनमा समाबेश गरीने छैन साथै बोलपत्र खोलेको सातौ दिन भित्र बोलपत्रदाताले बोलपत्र पेश गर्दा समावेश भएको कागजातहरु प्रमाणित प्रतिलिपी र अन्य आवश्यक सम्पुर्ण कागजात सक्कलै यस कार्यालयमा पेश गर्नु पर्नेछ।

४. बोलपत्र फाराम भरी पेश गर्दा आफुले कबुल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेखि तो बोलपत्र जमानत रकम रु १,०५,०००/- यस कार्यालयको **हिमालयन बैंक माण्डवी** गाउँपालिकाको जस्पुर शाखामा रहेको रहेको धरौटि खाता नं २६६४९३२०४६००८७ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ । कवोल गरेको रकमको अङ्क र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

५. ठेक्का सम्झौता गर्दा कबुल अङ्कको अग्रिम आयकर वापतको १.५% र मु.अ.कर बापतको १३% रकम बोलपत्रदाताले व्यहोर्ने गरी कुल जम्मा रकमलाई सम्झौता रकम कायम गरिनेछ।

६.स्वीकृत ठेक्का अङ्कलाई २ किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता न्युन्तम २०% र बाँकी रकम दोश्रो किस्ता गरी २ किस्तामा विभाजन गरिएको र पहिलो किस्ता न्युनतम २० % सम्झौता अगावै अनिवार्य दाखिला गरि बाँकीको हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त बैंकवाट २०८२ असोज मसान्त सम्म मान्य हुने बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । साथै बाँकी रकमको किस्ता **२०८२ साल वैशाख मसान्त** भित्र भूक्तान गर्नुपर्नेछ । ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई किस्ता भुक्तान गर्दा समायोजन गर्न पाईने छैन।

७.स्वीकृत ठेक्का अङ्कको पुरै रकम सम्झौताका बखत एकमुष्ट बुझाउन चाहेमा बढिमा ५% छुट दिई सम्झौता गर्न सकिनेछ ।

८. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैक ग्यारेण्टीबाट असुल उपर गर्ने गरी कानुनी प्रक्रिया अपनाईनेछ । अशुल गर्नबाँकी रकममा १०%, थप क्षतीपूर्ति समेत जोडी सरकारी बाँकी सरह अशुल उपर गरिनेछ ।

१०. कुनैपनि शर्त राखी पेश गरेको र रित नपुगेको बोलपत्र माथी कुनै कारवाही गरिने छैन ।

९.ठेक्का सम्झौता गर्दा राखेको ५% धरौटी रकम सम्झौता भएपछि मात्र फिर्ता दिईने छ।

११. बोलपत्रखाताले सम्झौता पत्रमा पट्टापुर्जीमा तोकिएको बस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा रोयल्टी संकलन गर्नुपर्नेछ । रोयल्टी दर लुम्बिनी प्रदेश सरकारबाट स्वीकृत भएबमोजिम हुनेछ । सो भन्दा फरक हुने गरी कर संकलन गरेमा ठेक्का सम्झौता तोडी नियमानुसार कारबाही हुनेछ।

१२.पेश भएका बोलपत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१३.यस सूचना र बोलपत्र फारममा उल्लेख भए वाहेक अन्य कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछ ।

१४. विस्तृत जानकारीका लागी यस कार्यालयको सुचना पाटिमा हेर्नहुन वा कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न हुन सम्बन्धित सबैलाई जानाकारी गराइन्छ।



बसन्त ... भण्डारी

## शर्तहरु

१. ठेक्का अवधी सम्झौता मिति देखी २०८२ सालको ज्येष्ठ मसान्तसम्म हुनेछ ।

२. बोलपत्र फारमको लागि बोलपत्र दाखिला हुने समय भित्र बोलपत्रदाताहरुले बोलपत्र फारम दस्तुर रकम यस कार्यालयको हिमालयन बैंक माण्डवी गाउँपालिकाको जस्पुर शाखामा रहेको आरन्तरीक राजस्व खाता नं २६६४९३२०४६०११७ मा जम्मा गरेको बैंक भौचरको पेश गर्नुपर्नेछ

३. बोलपत्र फारमहरु नियमानुसार यस गाउँपलिकाको बोलपत्र फारम भरी बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाण पत्रको अतिरिक्त व्यक्ति, संस्था फर्म वा कम्पनीले व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्बर (मु.अ.कर सहितको प्रमाण-पत्र तथा आर्थिक वर्ष २०८०/८१ को कर चुक्ता वा म्याद थप, बोलपत्रको लागि योग्य रहेको र बोलपत्रदाताको लेटर हेडमा कुनै कार्यमा कसुर नभएको र सजाए नपाएको भनि स्वो घोषण पत्र, सम्बन्धित कागजातहरु मिति २०८१/०७/१२ दिनको १२:०० बजे भित्र पेश गर्नुपर्नेछ र पेशभएका बोलपत्रहरु सोही दिनको १:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहबरमा खोलिनेछ । बोलपत्रदाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४. बोलपत्रदाताले हार्ड कपि (Hard Copy) मार्फत पेश गरेको बोलपत्र खोल्ने समयमा निजको दर्ता भएको नदेखिएमा मुल्याङ्कनमा समावेश गरीने छैन साथै बोलपत्र खोलेको सातौं दिन भित्र बोलपत्रदाताले बालपत्र पेश गर्दा समावेश भएको कागजातहरु प्रमाणित प्रतिलिपी र अन्य आवश्यक सम्पुर्ण कागजात सक्कलै यस कार्यालयमा पेश गर्नु पर्नेछ।

५. बोलपत्र फाराम भरी पेश गर्दा आफुले कबोल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेखि बोलपत्र जमानत रकम रु १,०५,०००/- यस कार्यालयको हिमालयन बैंक माण्डवी गाउँपालिकाको जस्पुर शाखामा रहेको रहेको धरौटि खाता नं २६६४९३२०४६००८७ मा जम्मा गरेको सक्कलै बैंक भौचर यस कार्यालयको नाममा जारी गरेको कम्तीमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (बिडवण्ड) पेश गर्नुपर्नेछ । कवोल गरेको रकमको अङ्क र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

६. ठेक्का सम्झौता गर्दा कबुल अडको अग्रिम आयकर वापतको १.५% र मु.अ.कर बापतको १३% रकम बोलपत्रदाताले व्यहोर्ने गरी कुल जम्मा रकमलाई सम्झौता रकम कायम गरिनेछ ।

७. स्वीकृत ठेक्का अडलाई २ किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता न्युन्तम २०% र बाँकी ८०% रकम दोश्रो किस्ता गरी २ किस्तामा विभाजन गरिएको र पहिलो किस्ता न्युनतम २०% सम्झौता अगावै अनिवार्य यस कार्यालयको हिमालयन बैंक माण्डवी गाउँपालिकाको जस्पुर शाखामा रहेको बिभाज्य खाता नं २६६४९३२०४६००४७ दाखिला गरि बाँकीको हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैकबाट २०८२ असार मसान्त (असार २० गते भन्दा पछी )सम्म मान्य हुने बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । साथै बाँकी रकमको किस्ता २०८२ साल बैशाख मसान्त भित्र भूक्तान गर्नुपर्नेछ । ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई किस्ता भुक्तान गर्दा समायोजन गर्न पाईने छैन

८. स्वीकृत ठेक्का अङ्कको पुरै रकम सम्झौताका बखत एकमुष्ट बुझाउन चाहेमा बढिमा ५% छुट दिई सम्झौता गर्न सकिनेछ

९. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेण्टीबाट असुल उपर गर्ने गरी कानुनी प्रक्रिया अपनाईनेछ । अशुल गर्न बाँकी रकममा १०% थप क्षतीपूर्ति समेत जोडी सरकारी बाँकी सरह अशुल उपर गरिनेछ ।

१०. कुनैपनि शर्त राखी पेश गरेको र रित नपुगेको बोलपत्र माथी कुनै कारवाही गरिने छैन ।

११. ठेक्का सम्झौता गर्दा राखेको ५% धरौटी रकम मिति २०८२/०३/३० पछी मात्र फिर्ता दिईने छ ।

१२. बोलपत्रदाताले सम्झौता पत्रमा पट्टापुर्जीमा तोकिएको बस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा रोयल्टी संकलन गर्नुपर्नेछ । रोयल्टी दर लुम्बिनी प्रदेश सरकारबाट स्वीकृत भए बमोजिम हुनेछ । सो भन्दा फरक हुने गरी कर संकलन गरेमा ठेक्का सम्झौता तोडी नियमानुसार कारबाही हुनेछ ।

१३. पेश भएका बोलपत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१४. बिस्तृत जानकारीका लागी यस कार्यालयको सुचना पाटिमा हेर्नहुन वा कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न हुन सम्बन्धित सबैलाई जानाकारी गराइन्छ ।

१५.प्रचलित नियमानुसार कालोसूचीमा परेका र गाउँपालिका कार्यालयलाई बुझाउनपर्ने बाकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनि  बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

१६. माण्डवी गाउँपालिका कार्यालयले तोकेको कर संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्नोतर्फबाट छपाई सो रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई मात्र प्रयोग गर्नुपर्नेछ । कार्यालयबाट अनुगमन गरिदा प्रमाणित नभएको रसिद फेला परेमा नियमानुसार कारवाही गरिनेछ ।

१७.बोलपत्रदाताले ठेक्का सम्झौता पछि गाउँपालिका कार्यालयलाई बुझाउनु पर्ने रकममा कुनै किसिमको मिनाहाको लागि दाबी गर्न पाइने छैन् ।

१८. राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट तगारो राखी प्राकृतिक श्रोत कर संकलन गर्न पाईने छैन ।

१९. बोलपत्रदाताले राजश्व संकलन गर्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्नेछ र राजश्व संकलन गर्ने कर्मचारीलाई परिचयपत्र लगाई मात्र संकलन कार्य गराउनु पर्नेछ ।

२०. गाउँपालिकाबाट गरिएको प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदन २०८१(IEE) मा घाटगद्धी स्थल नतोकिएको स्थानबाट कसैले पनि नदीजन्य पदार्थ संकलन उत्खनन गर्न पाईने छैन यसरी घाटगद्धी नतोकिएको स्थानबाट संकलन उत्खनन गरेको पाईएमा गाउँपालिकाद्धारा तोकिएको जरिवाना गरिनुका साथै नदीजन्य पदार्थ र ढुवानी साधन जफत समेत गर्न सकिनेछ ।

२१. ढुङ्गा, बालुवा, ग्रावेल, गिट्टी उत्खनन् गर्दा लुम्बिनी प्रदेश सरकार बाट स्वीकृत ढुङ्गा, गिटी, बालुवा उत्खनन्, संकलन, क्रसिङ. र विक्रि वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि २०७५ को पालना गर्नुपर्नेछ ।

२२. नदीको किनारबाट भुक्षय हुने गरी डिल भिर भित्तो खनी खोस्री गरी ढुङ्गा, बालुवा, ग्रावेल, गिटी, निकाल्न पाइने छैन ।

२३. नदी खोलाको घाट वा आकृति बिग्रने गरी नदी किनारामा प्राकृतिक तवरले रहेको ढुङ्गा तोड्न वा फोड्न पाईने छैन । साथै ढुङ्गा, बालुवा, ग्राबेल, गिट्टी, भरान माटो झिक्न मेसिनको प्रयोग गर्न पाइने छैन् । स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन २०८१(IEE) ले तोकेको मापदण्ड अनुसार गाउँपालिकाको अनुमती लिएर मात्र घाटगद्धी स्थल तोकेर प्रयोग गर्न पाईनेछ ।

२४. भिजेको नदीजन्य पदार्थ ढुवानीमा पूर्ण रोक लगाउनुपर्नेछ ।साथै ढुङ्गा, बालुवा, ग्रावेल, गिटी, आदि छोपेर मात्र ढुवानी गर्ने प्रबन्ध मिलाउनु पर्नेछ ।

२५. बोलपत्रदाताले घाट क्षेत्रमा फोहोर मैलाको उचित व्यवस्थापन गर्नुपर्नेछ साथै बोलपत्रदाताले बस्ती क्षेत्रमा ध्वनी प्रदुषण नहुने गरी ढुवानीको कार्य गर्न लगाउनु पर्नेछ ।

२६. बोलपत्रदाताले कामदारहरुका लागि प्राथमिक उपचारका साथै माक्स, हेलमेट आदीको व्यवस्था मिलाउन ढुवानीका साधनहरुलाई जानकारी गराउनुपर्नेछ ।

२७ बोलपत्रदाताले ३/३ महिनामा संकलन तथा उत्खननको परिमाणको लिखित जानकारी कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । साथ सोही समयमा कार्यालयबाट प्रमाणित गरी लगेको प्रयोग भएका अर्धकट्टी नगदी रसिद पनि फिर्ता गर्नुपर्नेछ ।

२८. बोलपत्रदाताले नदी जन्य पदार्थ संकलन उत्खनन हुने घाटगद्धी स्थल सम्बन्धीका खर्चहरु स्वयं आफैले व्यहोर्नु पर्नेछ ।

२९. बिहान सुर्योदय भन्दा अगाडी र साँझ सुर्यास्त भन्दा पछि ढुवानीका साधनहरुले घाटगद्धी स्थलमा प्रवेश गर्न पाईने छैन ।यसरी नियम विपरित गएका ढुवानी साधनहरुलाई कानून बमोजिम कारबाही गरिनेछ ।

३०. खोला र नदीको घाटगद्धी स्थलहरुमा सम्पूर्ण जानकारी सहितको सूचना पाटी (साईनबोर्ड) बोलपत्रदाता आफैले बनाई सब सरोकारवालाहरुले देखे गरी आफ्नै खर्चमा राखु पर्नेछ ।

३१. नेपाल सरकारले विक्रि कर छुटका लागि गरेका निर्णय बाहेक यस माण्डवी गाउँपालिका क्षेत्रभित्र भएर बग्ने नदी खोलाबाट नदी जन्य पदार्थ संकलन/ उत्खनन् गरे बापत गाउँपालिकाको प्राकृतिक श्रोत कर सबैले तिर्नुपर्नेछ । कसैले गाउँपालिकाको प्राकृति तिर्न अटेर गरेमा कानून अनुसार कारवाही गरिनेछ ।

३२. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिनेछ ।

३३. प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदन २०८१ (IEE) का प्रावधानहरुको व्याख्या गर्ने अधिकार माण्डवी गाउँपालिकामा सुरक्षित रहनेछ

३४. यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सुचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन नियम, बातावरणीय परीक्षण प्रतिवेदन २०८१(IEE) बमोजिम हुनेछ ।

बोलपत्रदाताको नाम :

ठेगाना :

हस्ताक्षर :

२०८१/०६/११

प्रमुख प्रशासकीय अधिकृत

भिमकान्त भण्डारी

प्रमुख प्रशासकीय अधिकृत